भक्तपुर जिल्ला अदालत

भक्तपुर

मिति २०७८।४।१ मा प्रकाशित सूचना

सूचना।           सूचना।।           सूचना।।।

कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिइरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि स्थानिय प्रशासनबाट मिति २०७८।१।१६ मा निषेधाज्ञाको आदेश जारी भई यस अदालतबाट सम्पादन हुने सेवाप्रवाहलाई संकुचन गरिएकोमा हाल अन्तर जिल्ला सार्वजनिक यातायातको साधन संचालनमा आइनसकेको भएतापनि उपत्यकामा सार्वजनिक सवारीका साधन चली यातायात सुचारु भएको हुँदा सरोकारवालाहरुसंगको छलफल र परामर्शबाट सहमति भए बमोजिम यस अदालतको मिति २०७८।३।३० को निर्णयानुसार संकुचन गरिएका सेवा प्रवाहलाई विस्तार गर्दै मिति २०७८।४।१ गतेबाट लागू हुने गरी देहाय बमोजिमको सेवा प्रवाह सुचारु गर्ने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

१. यस अदालतबाट पूर्व प्रकाशित सूचनामा उल्लेख गरी सुचारु गरिएका सेवा प्रवाह लगायत सम्पूर्ण कामकारवाही र सम्पादन हुने सबै प्रकारका सेवा प्रवाह मिति २०७८।४।१ गते देखि सुचारु हुने।

२. यस अदालतमा हदम्याद,म्याद र तारेखमा उपस्थित हुनुपर्ने काठमाण्डौं उपत्यकाभित्र र बाहिरका सेवाग्राहीहरुका हकमा सम्मानीत सर्वोच्च अदालत बृहत पूर्ण इजलासबाट मिति ०७७।२।१५ मा भएको आदेश बमोजिम देहाय बममोजिम हुने:

क. काठमाण्डौं उपत्यकाभित्र सार्वजनिक यातायातका साधन सञ्चालनमा आइसकेको सन्दर्भमा यस अदालतमा हदम्याद,म्याद र तारेखमा उपस्थित हुनुपर्ने काठमाण्डौं उपत्यकाभित्रका सेवाग्राहीहरुको हकमा यो सूचना लागू हुने मिति २०७८।४।१ बाट बाटाका म्याद बाहेक ३० (तीस) दिनभित्र अदालतमा उपस्थित भई हदम्याद,म्याद र तारेख थमाइसक्नु पर्ने।

ख. काठमाण्डौं उपत्यका बाहिरका हदम्याद,म्याद र तारेखमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरुका हकमा अन्तर जिल्लामा सार्वजनिक यातायातको साधन सञ्चालनमा आइ नसकेकोले यातायात संचालनमा आएपश्चात् सूचना प्रकाशित गरिने।

भक्तपुर जिल्ला अदालत
भक्तपुर

ग. काठमाण्डौं उपत्यका बाहिरका यस्तो सुविधा पाउने सेवाग्राही सो अवधि भन्दा अगावै सेवा लिन आएमा सेवा प्रदान गरिने।

घ. अदालतको सहजताको लागि मुद्दाका पक्षहरुले सम्भव भए सम्म जुन गते वा बार तारिख तोकिएको छ, सोही गते वा बार उपस्थित भइदिनु भएमा भीडभाड कम भई सेवा प्रवाहमा सहजता हुने।

ङ. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने ।

३. स्वीकृत स्वास्थ्य सुरक्षाका मापदण्डहरु सबैले अनिवार्य रुपमा पालना गरेको हुनुपर्ने।

४. जोखिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी सम्बद्ध निकायबाट सूचना प्राप्त हुन आएमा सरोकारवालाहरुसंग छलफल र परामर्श गरी सेवा प्रवाहलाई पुनरावलोकन गर्दै जाने ।

सेरेस्तेदार